# विदेशी विद्यार्थीहरूका लागि सहायता पुस्तिका

यामागुची जूनियर कलेज

# महत्वपूर्ण जानकारीहरु

| क्र. सं. | शीर्षक | विवरण |
|---|---|---|
| १ | सम्बन्धित विभाग | बाल शिक्षा विभाग<br>सूचना तथा सञ्चार अध्ययन विभाग |
| २ | विद्यार्थी परिचयपत्र | यो तपाईं यस विश्वविद्यालयको विद्यार्थी हो भनेर प्रमाणित गर्ने कुरा हो। तपाईंको पासपोर्ट र निवास कार्ड पछिको एक महत्त्वपूर्ण कागजात हो, जसले तपाईंको पहिचान प्रमाणित गर्दछ। |
| ३ | विभागीय प्रमुख & प्रमुख शिक्षक | बाल शिक्षा विभाग प्रमुख<br>सूचना तथा सञ्चार अध्ययन विभाग प्रमुख<br>प्रमुख शिक्षक |
| ४ | विद्यार्थी सहायता र क्यारियर केन्द्र | कक्षासम्बन्धी विषयहरू<br>निश्चित अवधिको परीक्षासम्बन्धी विषयहरू<br>विद्यार्थी जीवनसँग सम्बन्धित विषयहरू |
| ५ | अध्यागमन विभाग | निवास कार्ड, राष्ट्रिय स्वास्थ्य बीमा, निवासको स्थिति अन्तर्गत अनुमति प्राप्त गतिविधिहरू बाहेकका अन्य गतिविधिहरू, आदिको आवेदन प्रमुख।<br>➢ विदेशी विद्यार्थीहरू ती हुन् जसलाई अध्ययनका लागि जापानमा बस्न अनुमति दिइएको हुन्छ।<br>➢ अध्यागमन नियन्त्रण तथा शरणार्थी पहिचान विभाग र प्रहरीले विदेशी नागरिकले अपराध गरेका र अन्तर्राष्ट्रिय संस्थासँग कुनै सम्बन्ध छ कि छैन भन्ने विषयमा विशेष कडा नीतिका साथ अनुसन्धान गर्छन् । कुनै-कुनै अवस्थामा मानव अधिकारको पालना नगर्ने कुनै घटनामा सहयोग प्रदान गर्न सकिंदैन। |
| ६ | अध्ययन विषय दर्ता | (१) अध्ययन विषय दर्ता नगरी परीक्षामा बस्न सम्भव छैन ।<br>(२) परीक्षा नलिई क्रेडिट प्राप्त गर्न सकिंदैन ।<br>(३) क्रेडिट प्राप्त नगरी स्नातक सम्भव छैन।<br>(४) विभाग - विद्यार्थी सहायता र क्यारियर केन्द्र |
| ७ | शैक्षिक नियमहरू | (१) सूचना र सञ्चार अध्ययनको स्नातक विभागको लागि आवश्यक क्रेडिट: ६६ क्रेडिट वा अधिक, बाल शिक्षा विभाग: ६८ क्रेडिट वा अधिक।<br>(२) स्नातक गर्नेहरूलाई अल्पकालिक स्नातक डिग्री प्रदान गरिन्छ।<br>(३) कुनै विद्यार्थीले विश्वविद्यालयको नियम कानूनको पालना नगरेमा वा |

| | | |
|---|---|---|
| | | विद्यार्थीको मौलिक कर्तव्य विपरीत कसूर गरेमा निजलाई विश्वविद्यालयबाट निष्कासित गरिनेछ ।<br>(४) विभाग - विद्यार्थी सहायता र क्यारियर केन्द्र |
| ८ | कक्षा | (१) विद्यार्थीले कक्षाको समय भन्दा अगावै कक्षाको तालिका र कक्षाको लेआउट चार्ट अनुसार कक्षाकोठामा प्रवेश गर्नु पर्नेछ ।<br>(२) विभाग - विद्यार्थी सहायता र क्यारियर केन्द्र |
| ९ | परीक्षा | (१) परीक्षा अगस्ट र फेब्रुअरीमा हुन्छ । कक्षाहरूमा उपस्थिति अनिवार्य छ। यदि कक्षामा नियमित उपस्थित हुनुहुन्न भने, तपाईं परीक्षा लिन सक्नुहुन्न।<br>(२) विभाग - विद्यार्थी सहायता र क्यारियर केन्द्र |
| १० | सुविधा र उपकरणको प्रयोग | (१) विद्यार्थीहरूले सूचना तथा सञ्चार अध्ययन विभागबाट कम्प्युटरको प्रयोगसम्बन्धी मार्गदर्शन प्राप्त गर्नु पर्दछ । व्यक्तिगत कम्प्युटरहरू नेटवर्कमा जडान गर्न सकिदैन ।<br>(२) कम्प्युटर कोठामा खान र पिउन निषेध गरिएको छ । |
| ११ | दैनिक जीवनका लागि सूचना | (१) अस्पताल<br>(२) जब राष्ट्रिय स्तरमा अन्तर्राष्ट्रिय समस्याहरू रिपोर्ट गरिन्छ, व्यक्तिगत स्तरमा पनि समस्यामा पर्ने जोखिम हुन्छ। तपाईं आफ्नो कार्यहरूमा धेरै सावधान हुनुपर्छ। शहरमा यस्ता ठाउँहरू छन्, जहाँ धेरै घटनाहरू हुन्छन्। रक्सी पिउँदा विशेष ध्यान दिनुहोला ।<br>(३) सवारी साधन भएका अन्तर्राष्ट्रिय विद्यार्थीहरूले विश्वविद्यालयमा आवेदन दिनुपर्नेछ । सवारी बीमा निकाल्नु पर्दछ र एक प्रतिलिपि संलग्न गर्नु पर्दछ। दुर्घटना घटेमा, क्षतिपूर्ति धेरै हुन सक्छ। तसर्थ, अभिभावक वा अभिभावक प्रत्याभूतिकर्ताको सहमति आवश्यक हुन्छ। सवारी बीमा प्रयोग नहुने अवस्था पनि हुन्छ। कृपया ट्राफिक दुर्घटना पारस्परिक सहायता बीमा योजनामा सामेल हुनुहोस्।<br>(४) मोबाइल फोन प्रयोग गरेर धेरै दुर्भावनापूर्ण व्यापारहरू पनि हुने गर्दछ। अर्थ नबुझेको ठाउँमा सही छाप नगर्नुहोला। कुनै सम्झौता पत्रमा सही छाप गर्नु छ भने, अफिस स्टाफलाई सम्पर्क गरेर आवश्यकतानुसार सँगै लगेर जानुहोला ।<br>(५) तोकिएका क्षेत्रहरूमा बाहेक धुम्रपान गर्न पाइने छैन । विद्यालय भवनभित्र धुम्रपान गर्न निषेध गरिएको छ ।<br>(६) विश्वविद्यालयद्वारा अनुरोध स्वयंसेवक गतिविधिहरूको आर्थिक इनाम पाइने छैन। तथापि, कुनै-कुनै अवस्थामा पाउन पनि सक्छन् । हामी अन्तर्राष्ट्रिय सँस्कृति र जापानी भाषा अध्ययनको दृष्टिकोणबाट सक्रिय सहभागितालाई प्रोत्साहित गर्दछौं। |

| | | |
|---|---|---|
| | | (७) बहुमूल्य वस्तुहरू आफैले सुरक्षित राख्नुपर्छ। |
| १२ | विपत्तिको अवस्थामा समायोजन हुने उपायहरु | (१) प्रहरीः प्रहरीसँग जोडिनका लागि ११० नम्बरमा कल गर्नुहोस् ।<br>(२) एम्बुलेन्स: एम्बुलेन्ससँग जोडिनका लागि ११९ मा कल गर्नुहोस्।<br>(३) फायर ब्रिगेड: फायर ब्रिगेडसँग जोडिनका लागि ११९ मा कल गर्नुहोस्। |
| १३ | फोहर मैला व्यवस्थापन | जापानीहरूसँग राम्रो सञ्चारको लागि फोहोर विसर्जन सबैभन्दा महत्त्वपूर्ण कुराहरू मध्ये एक हो। फोहोरहरूलाई व्यवस्थित गर्न र निर्दिष्ट स्थानमा फाल्नुपर्दछ। |
| १४ | जापानी भाषा सिकाई | जापानी भाषा सिक्नु सबैभन्दा ठूलो चुनौती हो । चाँडै जापानी भाषा सिक्नको लागि अधिक जापानी विद्यार्थीहरूसँग मित्र बनाउन प्रयास गर्ने, कार्यक्रमहरूमा भाग लिने, जापानि नागरिकहरूसँग अन्तरक्रिया गर्ने आदि गर्नुपर्दछ। विशेष गरी, काम गर्ने व्यक्ति र विद्यार्थीहरूसँग मित्रता बनाउनु राम्रो हुन्छ। |
| १५ | शुल्क भुक्तानी | विद्यालयको शुल्क तिर्न नसकेमा स्नातक हुनबाट रोकिन्छ । छात्रावास, आदिको तिर्न बाँकि शुल्क भएको अवस्थामा पनि स्नातक हुनबाट रोकिन्छ । |